बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघटी, सुनसरी
१ नं. प्रदेश, नेपाल

# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चक्रघटी, सुनसरी
प्रदेश नं. १

प.स.:-२०७५/७६ मिति:२०७५/०४/१४

**विषय :-** ठेक्काको बोलपत्र आव्हान सम्बन्धी सूचना ।

सुचना प्रकाशित मिति : २०७५।०४।१५

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम तथा यस नगरपालिकाको आर्थिक ऐन,२०७५ अनुसार यस नगरपालिकाले संकलन गर्ने देहायको कर,दस्तूर आ.व.२०७५/७६ को लागी ठेक्काको माध्यमबाट संकलन गर्ने भएको हुंदा यो सुचना प्रकाशित गरिएको छ । ठेक्का सूचना नं. २,३,४,६र ८ को तेस्रो पटक सम्म सूचना प्रकाशित हुदा समेत कुनै बोलपत्र दर्ता नभएको हुनाले न्यूनतम ठेक्का अंक घटाई उल्लेख गरिएको | उल्लेखित सुचना बमोजिमको बोलपत्र फाराम यस नगरपालिकाको कार्यालय, चक्रघट्टीमा राजश्व दस्तुर (दस्तुर फिर्ता नहुने) तिरी खरिद गर्न र तोकिएको अवधि भित्र बुझाउन सकिने छ

बोलपत्र बिक्री हुने अन्तिम मिति :(

सूचना नं .२,३,४,६,८/०७५/०७६ :- २०७५।०४।२१ गते कार्यालय समय बेलुकी ५.००बजेसम्म ।

सूचना नं. १६/०७५/०७६ :- २०७५/०४/२९ गते कार्यालय समय बेलुकी ५.००बजेसम्म ।

बोलपत्र बुझाउने हुने अन्तिम मिति :

सूचना न :(.२,३,४,६,८,/०७५/०७६:- २०७५।०४।२२ गते कार्यालय समय दिउसो १२.००बजेसम्म ।

सूचना न : १६/०७५/०७६ :- २०७५।०४।३० गते कार्यालय समय दिउसो १२.००बजेसम्म ।

**ठेक्का विवरण :**

| क.सं. (ठेक्का नं.) | ठेक्का विवरण | न्यूनतम ठेक्का अङ्क मु.अ.क.सहित | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| २.२०७५/७६ | साविक मधुवन गा.वि.स. हालबराहक्षेत्र न.पा.वडा नं. ११ स्थित सुपर मार्केट कोठा भाडाको बार्षिक ठेक्का | ९०,०००।- | ३००।- | |
| ३.२०७५/७६ | साविक मधुवन गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ११ को मवेशी चौपाया हाटको बार्षिक ठेक्का | ९,६०,०००।- | १,०००।- | |
| ४.२०७५/७६ | साविक प्रकाशपुर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ९ र १० स्थित राजावास तारघाटको बार्षिक ठेक्का | २,८२,५००।- | १,०००।- | |
| ६.२०७५/७६ | साविक प्रकाशपुर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ९ र १० स्थितको सेवा शुल्क निकासी | ४०,०००।- | ३००।- | |
| ८.२०७५/७६ | साविक महेन्द्रनगर गा.वि.स. हाल बराहक्षेत्र न.पा.वडा नं. ६, ७ र ८ सिसौली तारघाटको बार्षिक ठेक्का | ५,६५,०००।- | १,०००।- | |
| १६.२०७५/७६ | पटके सवारी साधन कर (बराहक्षेत्र न.पा.भरी तोकिएको स्थानमा मात्र ) | ७,६५,०००।- | १,०००।- | |

**नोटः-** यस सम्बन्धी शर्त तथा जानकारीहरु यस न.पा. को सूचना पार्टी वा वेभसाईटमा हेर्न सकिनेछ ।

लेखा अधिकृत

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
१ नं. प्रदेश, नेपाल

शर्त तथा जानकारीहरु :(

१.) कर असुली सम्बन्धी विवरण तथा दररेट र ठेक्का पट्टा सम्बन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ । साथै दररेट सम्बन्धी विवरण र ठेक्का सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

३.) बोलपत्रदाताले सिलबन्दी खामको बाहिर राजश्व ठेक्का नं., ठेक्काको नाम प्रष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । साथै खाममा बोलपत्रदाताको विवरण (नाम ठेगाना र छाप भए सो समेत) र बराहक्षेत्र नगरपालिकाको कार्यालय, चक्रघट्टी, सुनसरी समेत उल्लेख गर्नु पर्नेछ ।

४.) सिलबन्दी बोलपत्र फाराम साथ नागरिकता प्रमाण पत्रको प्रतिलिपी, मु.अ.क.दर्ताको प्रतिलिपी, आ.व.२०७३।७४को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ । बोलपत्र फाराम साथ धरौटी वापतको रकम (नेपाली नागरिक भए कबोल गरेको अङ्कको ५% र विदेशी नागरिक भए कबोल गरेको अङ्कको १० %) ले हुने रकम यस न.पा.को नाममा रा.वा.बैंक, इनरुवा शाखामा रहेको धरौटी हि.नं.२२२०३०३००७१०९ जम्मा गरेको सक्कल भौचर वा बोलपत्र बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिनको म्याद भएको रीतपुर्वकको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

५.) यस सूचना बमोजिम दर्ता हुन आएका कुनै वा सबै बोलपत्र कुनै कारण जनाइ वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा हुनेछ ।

६.) ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ५०%, दोश्रो किस्ता ५०% हुने गरी विभाजन गरिनेछ । किस्ता वापतको रकममध्ये पहिलो किस्ता सम्झौता गर्दा कै बखतमा, दोश्रो किस्ता भाद्र मसान्त भित्रमा वुझाउनु पर्नेछ ॥ एकमूष्ठ रकम वुझाउन चाहनेले एकमूष्ठ रकम बुझाउंदा कवोल अंकमा१०% ले हुन आउने रकम छुट दिइनेछ ।

७.) बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात ) दिनभित्र सम्झौता गरी सक्नु पर्नेछ। उक्त अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार कारबाही अगाडी बढाईने छ ।

८.) ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नैतर्फबाट छपाई गरी सो रसिदहरु यस कार्यालयले तोकेको कर्मचारीबाट अभिलेख रहने गरी प्रमाणित गराएरमात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट कर उठाएको जानकारी कार्यालयमा प्राप्त भई सो सावित भएमा नियमानुसार कारवाही गरिने छ । साथै नगदी रसिदको नमूना नगरपालिकाबाट उपलब्ध गराइने छ ।

९.) कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१०.) कुनै ठेक्का वा कर उठाउन नेपाल सरकार वा अन्य निकायबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

११.) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखि कर संकलन गर्न पाइने छैन, ढाट वा तगारो राखेको पाइएमा नियमानुसार कारबाही गरिनेछ ।

१२.) धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइने छैन ।

१३.) यस नगरपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिने छ ।यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदारलेव्यहोर्नु पर्नेछ ।

१४.)सम्बन्धित कर संकलनका लागि नगरपालिकाद्धारा तोकिएको स्थानहरु **बाहेक** अन्य स्थानबाट कर र दस्तुर उठाउन पाइने छैन ।

१५.) ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्ष बीच आपसमा छलफलद्धारा समाधान गरिनेछ ।त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ र सो को पालना गर्नुठेकेदारको कर्तव्य हुनेछ ।

१६.) यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१७.) बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

१८.) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१९.) बोलपत्र खरिदकर्ताले पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणीत गराई पेश गर्नु पर्ने छ ।

२०.) नेपाल सरकार वा अन्य निकायको कालो सुचीमा परेको व्यक्ति वा फर्मले बोलपत्रमा भाग लिन पाउने छैन । साथै नगरपालिकालाई गत विगतमा कुनै रकम तिर्नु बुझाउनु बांकी बक्यौता रहेको, बेरुजु कायम भै फर्छ्यौटको ताकेतामा परेको तर फछ्र्यौट नगरेको व्यक्ति वा यस्ता व्यक्ति संचालक भएको फर्मे समेत बोलपत्रमा भाग लिन अयोग्य हुनेछ ।

लेखा अधिकृत